# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५० ) काठमाडौं, वैशाख २३ गते २०५७ साल ( अतिरिक्ताङ्क ५ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय परराष्ट्र मन्त्री श्री चक्रप्रसाद बास्तोला भारतीय परराष्ट्र मन्त्री श्री जसवन्त सिंहको निमन्त्रणामा मित्रराष्ट्र भारतको औपचारिक भ्रमण गर्न २०५७ साल वैशाख २५ गते भारतको राजधानी नयाँ दिल्लीतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह मन्त्री श्री गोविन्दराज जोशीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय अर्थ मन्त्री श्री महेश आचार्य एशियाली विकास बैंकको ३३ औं वार्षिक बैठकमा भाग लिन २०५७ साल वैशाख २३ गते थाइल्याण्डतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य मन्त्री डा. श्री रामबरण यादवले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20